# नेपाल एग्रो
## माइक्रोफाइनान्स वित्तीय संस्था लि.
**Nepal Agro Microfinance Bittiya Sanstha Ltd.**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालयः**
पोखरा महानगरपालिका-१८,
विन्ध्यवासिनी, कास्की
फोन : ०६१-४१२४४५, ४१२४४६
इमेल : info@nepalagro.com.np


# तेश्रो वार्षिक साधारण सभाको सूचना

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको मिति २०७५/०८/१५ गतेको सञ्चालक समितिको ३६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको तेश्रो वार्षिक साधारण सभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ। साधारण सभा सम्बन्धी सम्पूर्ण विवरण शेयरधनी महानुभावहरुलाई समय मै पठाइनेछ। कुनै व्होराले प्राप्त नभएमा वा हुन नसकेमा यसै सूचनालाई आधार मानी सभामा उपस्थितिको लागिहार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय**

**मिति** : २०७५/०९/१४ गते शनिवार (तद्अनुसार २९ डिसेम्वर, २०१८),
**स्थान** : सिटि स्क्वायर प्रा.लि., न्यूरोड, पोखरा, कास्की,
**समय** : बिहानको ११:०० बजे ।

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्ने आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
३. आ.व.२०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ति सम्बन्धमा,
४. सर्वसाधारणलाई शेयर जारी गर्ने सम्बन्धमा,
५. विविध ।

**(ख) विशेष प्रस्तावहरु**

१. वित्तीय संस्थाको नाम परिवर्तन गर्ने सम्बन्धमा,
२. प्रबन्धपत्रको दफा १, दफा २ को उपदफा १ मा संशोधन गर्ने तथा प्रबन्धपत्रको दफा ६ मा भएको पूँजी संरचना सम्बन्धी व्यवस्थामा हाल कायम रहेको चुक्ता पूँजी तथा अधिकृत पूँजीलाई यथावत रहने गरी संस्थापक तथा सर्वसाधारण समूहको शेयर अनुपातलाई ६७.५०:३२.५० मा परिवर्तन गर्ने र त्यसरी शेयर अनुपात परिवर्तन गर्दा जारी पूँजी रु.४,९७,७७,८००।- (चार करोड सन्तान्नब्बे लाख सतहत्तर हजार आठ सय) हुने गरी प्रबन्धपत्रको दफा ६ को (ख), (घ), (ङ) र (च) मा संशोधन गर्ने सम्बन्धमा,
३. नियमावलीको नियम १ तथा नियम २ मा संशोधन गर्ने सम्बन्धमा,
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम पूँजी संरचनामा प्रस्तावित संशोधनबाट हुने जारी पूँजी रु.४,९७,७७,८००।- (चार करोड सन्तान्नब्बे लाख सतहत्तर हजार आठ सय रुपैयाँ) को ३२.५ प्रतिशतले हुन आउने प्रतिशतले हुन आउने रु.१,६१,७७,८०० (एक करोड एकसठ्ठी लाख सतहत्तर हजार आठ सय रुपैयाँ) बराबरको १,६१,७७८ (एक लाख एकसठ्ठी हजार सात सय अठहत्तर) कित्ता शेयर सर्वसाधारणलाई (कर्मचारी र सामुहिक लगानी कोषलाई समेत) निष्काशन गर्ने सम्बन्धमा,
५. प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने क्रममा नियामक निकायबाट कुनै फेरबदल वा थपघट गर्न सुझाव भएमा सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा,
६. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा वित्तीय संस्थाको शेयरधनीलाई नै गर्नुपर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ। कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ । प्रतिनिधि नियुक्ति गर्दा सम्पुर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नुपर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्ति गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्ट्रर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
२. संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिल्यै नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ। प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा वढी हुनेछैन ।
३. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं. १८, विन्ध्यवासिनी, कास्की मा दर्ता गराई सक्नु पर्नेछ ।
४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका साधारण सभा हुने दिनको बिहान १०:०० बजेदेखि सभा सम्पन्न नहुदाँ सम्म खुल्ला रहनेछ ।
५. कुनै सञ्चालकलाई वित्तीय संस्थाको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।
६. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञाशा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सकेनेछ ।
७. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्होरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पठाउनु हुन अनुरोध छ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

**पुनश्च** : सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको शेयर लगतमा रहेको सम्बन्धित ठेगानामा साधारणसभा बस्ने मिति, समय, स्थान र छलफलका विषय (एजेन्डा)हरु सहितको सूचना र सक्षिप्त वार्षिक आर्थिक विवरण पठाईनेछ। कुनै कारणवश उपरोक्त सूचना पाउन असमर्थ भएमा वित्तीय संस्थाको वेवसाइट **www.nepalagro.com.np** बाट उपलब्ध गर्न सक्नु हुनेछ र यसै सूचनालाई आधार मानी सभामा आफ्नो परिचय तथा शेयर प्रमाण पत्र लिई उपस्थित हुन अनुरोध छ।